**संघीय संसद**
**प्रतिनिधि सभा**
सार्वजनिक लेखा समिति
<u>बैठक संख्या-२४</u>

मितिः-२०८०/१२/२२

<u>छलफल तथा निर्णयः</u>

समितिको आजको बैठकमा **"हुलाकी राजमार्गः हालसम्मको लगानी र उपलब्धी"** कार्यसूचीमाथि नेपाल सरकारका अर्थ सचिव, भौतिक पूर्वाधार तथा यातायात सचिव तथा कार्यवाहक महालेखा परीक्षकसँग छलफल भयो। आजको बैठकमा भएको छलफलका आधारमा देहाय बमोजिम निर्देश गर्ने निर्णय भयोः-

१. पूर्वमा झापाको केचनादेखि पश्चिममा कञ्चनपुर दोधारा चाँदनीसम्म तराई मधेशका २१ जिल्ला सदरमुकाम र घना बस्तीलाई जोड्न र यातायातको सहज पहुँच विस्तार गर्न राष्ट्रिय गौरवको आयोजनाको रुपमा आ.व. २०६६/०६७ मा शुरु गरी आ.व. २०७४/०७५ मा सम्पन्न गर्ने लक्ष्य राखिएको उक्त आयोजनामा हालसम्म राज्यको रु ६१ अर्ब ६९ करोड रकम खर्च हुँदा पनि आयोजनाको भौतिक प्रगति ६५.२२ प्रतिशत मात्र हुनुले हाम्रा राष्ट्रिय गौरवका आयोजनाहरुको अवस्था दर्शाएको छ । सरकारले राष्ट्रिय गौरवको आयोजनाको रुपमा अगाडि बढाएको यस्ता आयोजनाहरु समयमै सम्पन्न गर्न पर्याप्त बजेट, स्रोत साधन उपलब्ध गराउने दायित्व पनि सरकारको नै हो । चुस्त कार्य प्रणालीको अभाव तथा सरकारबाट पर्याप्त बजेट समेत उपलब्ध नहुँदा आयोजना सम्पन्न हुने समय र लागतमा अनपेक्षित बढोत्तरी हुने गरेको छ। आ.व. २०७९/०८० मा सम्पन्न गर्ने संशोधित लक्ष्य राखिएको हुलाकी राजमार्गको काम नसकिएपछि हाल उक्त आयोजना आ.व. २०८३/०८४ सम्पन्न गर्ने गरी करीब रु १ खर्ब १ अर्ब ९२ करोड बराबरको संशोधित लागत रहेको छ । सरकारको नीति तथा कार्यक्रम मार्फत् घोषणा भई वार्षिक बजेटमा समेत परेका यस्ता राष्ट्रिय गौरवको आयोजनाहरु समयमा सम्पन्न गर्नको लागिः-

क. लक्ष्य अनुरुप कार्यप्रगति हासील गर्न नसक्नुमा स्रोत र साधनको अपर्याप्तता, काम नगर्ने प्रवृत्ति र जिम्मेवारीप्रति उदासिनता, समन्वयको अभाव लगायतका कारणहरु पनि देखिएका छन् । कार्यव्यवहारलाई नसुधार्ने र जिम्मेवारी वहन नगर्ने विद्यमान अवस्था नसुधारेसम्म कुनैपनि राष्ट्रिय गौरवका आयोजना निर्धारित समयभित्र पूरा हुन सक्दैनन् । सरकारले विद्यमान राष्ट्रिय गौरवका आयोजना तथा आगामी दिनमा राष्ट्रिय गौरवका आयोजना घोषणा गर्नुपूर्व अनिवार्य रुपमा आयोजनाको सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन निर्माण, स्पष्ट सञ्चालन विधि, स्रोतको सुनिश्चितता, प्रति इकाई लाभ/लागत विश्लेषण र कार्यान्वयन ढाँचा सहितको समयबद्ध कार्ययोजना लगायतका विषयहरूका सम्बन्धमा

विस्तृत अध्ययन गरेर मात्र गर्ने, जिम्मेवारी पूरा नगर्दा पनि कुनैपनि कारवाही नहुने अहिलेको प्रशासनतन्त्रलाई अनिवार्य जवाफदेही बनाउन आवश्यक कार्य गर्ने, गराउने,

ख. सरकारबाट यस अघि नै घोषणा भैसकेका तर कार्य सम्पन्न हुन बाँकी रहेका राष्ट्रिय गौरवका आयोजनाहरुहरुलाई समय सीमाभित्र सम्पन्न गर्न सम्बन्धित मन्त्रालयले वार्षिक बजेट तथा कार्यक्रम मार्फत् माग गरेको स्रोतको सुनिश्चितता अर्थ मन्त्रालयले गर्ने र घोषणा भैसकेका राष्ट्रिय गौरवका आयोजना सम्पन्न नहुँदै सरकारले आगामी वर्षको नीति तथा कार्यक्रमबाट थप नयाँ राष्ट्रिय प्राथमिकताका आयोजनाहरु घोषणा नगर्ने,

ग. राष्ट्रिय गौरवको आयोजना हुलाकी राजमार्ग अन्तर्गत बाँकी सडक र पुल निर्माण गर्न मन्त्रालय तथा आयोजनाले स्पष्ट कार्यतालिका बनाई अनिवार्य रुपमा आ.व. २०८३/०८४ सम्म सम्पन्न गर्ने गरी कार्य गर्ने, सो को लागि अर्थ मन्त्रालयले स्रोतको सुनिश्चितता गर्ने, यस्ता आयोजनामा बजेट विनियोजनमा प्राथमिकता, सुनिश्चितता र नीतिगत प्रतिवद्धताअनुरुप आवश्यक बजेट विनियोजन र निकासा गर्ने र विनियोजित बजेटलाई प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्ने, चालू ठेक्काहरुको स्वीकृत दायित्व तत्काल व्यवस्थापन गर्ने गराउने,

घ. हुलाकी राजमार्ग अन्तर्गत राष्ट्रिय निकुञ्ज क्षेत्रभित्र पर्ने सडकको रेखाङ्कनलाई यही आ.व. टुङ्गयाउन आयोजनाले सम्बन्धित निकायहरुसँग समन्वय गर्ने साथै सडक सीमा तथा मुआब्जाको विवाद रहेको स्थानमा जग्गा अधिग्रहण लगायतका विवाद र अदालतमा विचाराधीन मुद्दालाई समेत शीघ्र सुल्झाउन न्यायीक निकाय एवं अन्य सम्बन्धित निकायसँग यथाशीघ्र समन्वय गरी कार्य सम्पादन गर्ने, गराउने,

ङ. आयोजना प्रमुख र आयोजनामा खटिने कर्मचारीलाई निश्चित अवधिको कार्यसम्पादन नहेरी विना कारण जिम्मेवारी परिवर्तन नगर्ने तथा आयोजनालाई तोकिएको समय, गुणस्तर र लागतमा सम्पन्न गर्न तथा आयोजनाको समग्र व्यवस्थापनमा जिम्मेवार र जवाफदेही बनाउने,

च. आयोजना सम्पन्न भएपश्चात् सडकले जोड्ने क्षेत्रहरुको उत्पादन तथा उत्पादकत्वलाई समेत उपयोग गर्ने गरी रणनीतिक योजना बनाई कार्यान्वयन गर्ने साथै आयोजनालाई दीगो बनाउनतर्फ समेत गृहकार्य गर्न गराउन,

समितिको यो बैठक नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय लगायत सम्बन्धित निकायलाई निर्देशन गर्दछ।

२. हुलाकी राजमार्ग अन्तर्गत हालसम्म १२४३ कि.मि. सडक र १३५ वटा पुल निर्माण हुँदा कूल रु. ६१ अर्ब ६९ करोड खर्च भएको देखिन्छ। राजमार्गहरु निर्माण गर्दा लाग्ने लागत तराई, पहाडी र हिमाली क्षेत्रमा फरकफरक हुने गर्दछ। तराईका २१ जिल्लाहरु जोड्ने हुलाकी राजमार्गको के हो? र प्रति कि.मि. लागत कति हो? यस्तो मापदण्डभित्र के के

पर्दछन् ? हालसम्म सो राजमार्ग निर्माणमा लागेको लागत बमोजिम प्रति कि.मि. सडक तयार भएको छ वा छैन ? सरकारले उक्त राजमार्ग निर्माण गर्ने घोषणा गर्दा लाग्ने भनिएको अनुमानित खर्च भन्दा धेरै रकम र समय समेत खर्च भैसक्दा पनि हालसम्म उक्त राजमार्ग निर्माण नहुनुका वास्तविक कारणहरु तथा नेपालमा निर्माण गरिने राजमार्गको गुणस्तरको मानक सम्बन्धी विवरण १५ दिनभित्र लिखित रुपमा समितिलाई उपलब्ध गराउन समितिको यो बैठक भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ ।

३. हुलाकी राजमार्गका विभिन्न खण्डहरुमा फरक फरक समस्या रहेका र समस्या समाधानमा यथोचित पहल नगरिएको, सार्वजनकि खरिद सम्बन्धी कानूनको पूर्ण परिपालना हुन नसकेको, भेरिएसन यर्थाथमा आधारित नभएको, पूर्व निर्धारित काममा थप विचलन गराउने कार्य भएको, वातावरणीय प्रभाव मूल्यांकनमा समस्या रहेको तथा उपलब्ध बजेट खर्च गर्न नसक्ने यद्यपी थप बजेटको माग गरिने समेत देखिएकोले उल्लिखित विषयहरुलाई तत्काल सुधार गरी कार्यसम्पादन गर्न, गराउन हुलाकी राजमार्ग आयोजनामा हालसम्म १८ जना आयोजना प्रमुखबाट सम्पादित कार्य प्रगतिको विवरण १५ दिनभित्र समितिलाई उपलब्ध गराउन समितिको यो बैठक भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ । त्यसैगरी हुलाकी राजमार्गमा उपलब्ध गराइएको स्रोत अनुसार उपलब्धि भएको छ की छैन वा लाभ लागत विश्लेषण/मूल्यांकन गर्न र सोको प्रतिवेदन समितिलाई उपलब्ध गराउन समितिको यो बैठक अर्थ मन्त्रालयलाई निर्देश गर्दछ ।

४. हुलाकी राजमार्ग अन्तर्गत कतिपय खण्डमा हालसम्म काम प्रारम्भ नभएको, कहीं ठेक्का सम्झौता नै हुन बाँकी रहेको, कहीं राष्ट्रिय निकुञ्ज कारण त, कहीं वन कार्यालयको अनुमति नपाएको, निर्माणको गुणस्तर न्यून रहेको, सडक सम्पन्न भएपनि कन्काई, रतुवा लगायत पुलहरुको निर्माणमा ढिलाई भएको, कमला नदीमा निर्माण सम्पन्न हुनै लागेको पुलको पिलर नै भास्सिएको, बजेटको कमी, ठेकेदारलाई समयमा भुक्तानी नदिएको लगायतका समस्या रहेको देखिएकोले सो राजमार्ग अन्तर्गत समस्याग्रस्त स्थानहरु छनौट गरी समितिले शीघ्र अनुगमन गर्ने ।

५. देशमा बढ्दै गइरहेको बेरुजुको अवस्थालाई न्यूनीकरण गर्न र आगामी वर्षहरुबाट बेरुजुको आकार नै घटाउने गरी कार्य गर्न सार्वजनिक लेखा समितिले अहम् भूमिका निर्वाह गर्नुपर्ने भएकोले बेरुजुलाई घटाउने उपायहरु र प्रदेश सभाका लेखा समितिले गर्नुपर्ने कार्यहरुका सम्बन्धमा सातै प्रदेशका लेखा समितिहरु तथा मुख्य सचिव, महालेखापरीक्षक, विज्ञ व्यक्तिहरुसँग पनि यस समितिले छलफल गरी परिणाममुखी कार्यसम्पादन हुनसक्ने भएकोले सोको लागि काठमाडौं उपत्यकाभित्र एकदिवसीय आवासीय अन्तरक्रियात्मक कार्यक्रम गर्ने ।

६. समितिमा प्राप्त ऊजुरीहरुलाई सचिवालयले वर्गीकरण गरी व्यक्तिगत ऊजुरीहरु सचिवालयले सभापतिको परामर्शमा सम्बोधन गर्ने र संस्थागत ऊजुरीहरु समितिमा प्रस्तुत गर्ने ।

७. यस समितिको मिति २०८० माघ २८ गते बसेको बैठकले एनसेलको शेयर खरीद बिक्री सम्बन्धमा जाँचबुझ गर्न गठित उच्चस्तरीय समितिको प्रतिवेदन समितिलाई उपलब्ध गराउन

भनिएकोमा हालसम्म उपलब्ध नगराउनुको कारणसहित उक्त प्रतिवेदन तथा २०७४/०७५ मा गठित गैरकानूनी सुन आयात सम्बन्धी जाँचबुझ समितिको प्रतिवेदन, त्यसपछि गठन भएका सुनको गैरकानूनी आयात सम्बन्धी सबै समितिहरुको प्रतिवेदनहरु र टेरामक्स सम्बन्धी समितिको निर्देशन कार्यान्वयनको विद्यमान अवस्था समितिलाई उपलब्ध गराउन समितिको यो बैठक क्रमशः सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, गृह मन्त्रालय र अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई निर्देश गर्दछ ।

८. समितिको अर्को बैठक सूचना गरेपछि बस्ने गरी यो बैठक स्थगित हुन्छ।